बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- १

---

आज मिति २०८३ भाद्र ११ गते बिहीबारका दिन बिहान ९:३० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहायः

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | [signature] |
| २ | श्री विन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पदमा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री सुरेश प्रसाद जैसी | प्र.प्र.अ./ सचिव | [signature] |

आमन्त्रितः- १ श्री ज्ञानु रेग्मी प्रशासन शाखा

२ श्री दिपेन्द्र साउँद योजना तथा अनुगमन शाखा

३ श्री बसन्त राज जोशी शिक्षा शाखा

४. श्री गोविन्द खलामी मगर - कृषि विकास शाखा

५. श्री चिरे मुस्लीया - प्राविधिक शाखा

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः

प्रस्तावहरुः

१. गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण समीक्षा तथा अनुमोदन गर्ने सम्बन्धमा।

२. स्वीकृत आयोजनाहरूको वार्षिक खरिद योजना तथा बजेट/कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुमोदन गर्ने सम्बन्धमा।

३. कार्यविधिहरू टेबल गर्ने सम्बन्धमा।

४. स्वीकृत कार्यविधि/निर्देशिकाहरु संशोधन गर्ने सम्बन्धमा ।

५. विविध ।

(क) १५ शैया अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा ।

(ख) आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको स्व:घोषणा सम्बन्धमा ।

(ग) जग्गा प्लटिङ वा खण्डीकरणको स्व:घोषणा सम्बन्धमा ।

(घ) डम्पिङ्ग साईट व्यवस्थापन सम्वन्धमा।

(ङ) सरस्वती मन्दिरको जग्गा एकिन गर्ने सम्बन्धमा ।

(च) ब्याकुलोडर मर्मत गर्ने सम्बन्धमा ।

(छ) गाउँ शिक्षा योजना अद्यावधिक सम्बन्धमा ।

(ज) ३ नं. वडा कार्यालयको जग्गा खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

(झ) शोक प्रस्ताव तथा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

बैठकबाट भएका निर्णयहरुः

निर्णय नं. १ : गत आ.व. २०८२/०८३ मा गाउँपालिका अन्तर्गत सञ्चालित भौतिक, सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रका योजना तथा कार्यक्रमहरूको वार्षिक प्रगति विवरणमाथि गहन छलफल गरियो। प्रस्तुत प्रतिवेदन अनुसार हासिल भएका भौतिक तथा वित्तीय उपलब्धिहरूको सन्तोषजनक समीक्षा गर्दै आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा प्रतिवेदन सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. २ : चालु आर्थिक वर्षका स्वीकृत बजेट तथा कार्यक्रमहरूलाई समयमै, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि तयार पारिएको वार्षिक खरिद योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना माथी छलफल गरी सर्वसम्मत रूपमा छलफल गरि अनुमोदन गरियो।

साथै, सोही खरिद योजनाको आधारमा प्रथम त्रैमासिकभित्रै उपभोक्ता समिति गठन, बोलपत्र (ठेक्का) आह्वान तथा सम्झौताका सम्पूर्ण प्रक्रियाहरू तोकिएको समय सीमाभित्रै सम्पन्न गर्ने तथा वार्षिक वजेट तथा कार्यक्रम अनुसारका क्रियाकलापहरु निर्धारित समयमै सम्पन्न गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको सेवा प्रवाहलाई थप चुस्त, विकास निर्माणलाई प्रभावकारी तथा सुशासन प्रवर्द्धन गर्नका लागि तयार पारिएका विषयगत कार्यविधि/मापदण्ड छलफल तथा स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेस (टेबल) गर्ने निर्णय गरियो ।

(क) आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी कार्यविधि, २०८३
(ख) आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३
(ग) सार्वजनिक सेवा प्रवाह सम्वन्धी कार्यविधिगत मापदण्ड, २०८३
(घ) विद्यालयको स्तरीकरण गर्ने सम्वन्धि कार्यविधि, २०८३
(ङ) सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

निर्णय नं. ४ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना तथा गाउँपालिकाको सेवा प्रवाहलाई थप सरल, व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यका साथ यसअघि जारी गरिएका विभिन्न कार्यविधि तथा निर्देशिकाहरूमा देखा परेका व्यावहारिक कठिनाइ र कानुनी अड्चनहरूलाई फुकाउन अत्यावश्यक देखिएकाले देहाय बमोजिमका कार्यविधि/निर्देशिका यस कार्यपालिका बैठकमा टेवल गरी आवश्यक संशोधनसहित स्वीकृतिका लागि अगाडि वढाउने निर्णय गरियो ।
(क) बान्नीगढी जयगढ गाउँपालिकाको योजना अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०८०
(ख) बान्नीगढी जयगढ गाउँपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०८२
(ग) शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८०

निर्णय नं. ५ : विविध ।

(क) १५ शैया अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको वडा नं. ५, कालिका स्थित भालुमारेमा निर्माणाधीन १५ शैया अस्पताल भवन निर्माण (ठेक्का नं. BJRM/NCB/W/04/2077/2078) को कार्यप्रगति सम्बन्धमा समीक्षा गरियो। उक्त निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेकाले म्याद थप

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः

---

गरिपाऊँ भनी निर्माण व्यवसायीका तर्फबाट मिति २०८३/०५/०८ मा पेस भएको निवेदन तथा पूर्वाधार विकास शाखाको सिफारिस उपर छलफल गरी मनासिब कारणहरूले गर्दा तोकिएको समयावधिभित्र निर्माण कार्य पूरा हुन नसकेको देखिए तापनि जनस्वास्थ्यसँग जोडिएको उक्त महत्त्वपूर्ण अस्पताल भवनको निर्माण कार्यलाई शीघ्र र गुणस्तरीय रूपमा सम्पन्न गराउन अत्यावश्यक देखिएकाले, सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार आर्थिक वर्ष २०८३/०८४ को असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

(ख) आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको स्व:घोषणा सम्बन्धमा।

यस गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर वा अन्य छिमेकी स्थानीय तहको सीमा क्षेत्रमा पर्ने कुनै पनि विषयवस्तु वा सेवामा करारोपण नगरेको/नउठाएको विषयलाई स्पष्ट पार्दै सो सम्बन्धी आधिकारिक स्व:घोषणा गर्ने निर्णय गरियो।

(ग) गाउँपालिका भित्र जग्गा प्लटिङ वा खण्डीकरण स्व:घोषणा सम्बन्धमा।

यस गाउँपालिकाको भू-उपयोग वर्गीकरण, भौगोलिक संरचना तथा विद्यमान वस्तीको अधिकांश भूभाग भीरपाखा, पहाडी ढलान तथा कृषि/वन क्षेत्रले ओगटेको र सहरीकरणको दृष्टिकोणले व्यवसायिक प्लटिङ वा कित्ताकाट गर्ने उपयुक्त जमिन उपलब्ध नरहेकाले हाल यस गाउँपालिका क्षेत्रभित्र व्यावसायिक जग्गा खण्डीकरण (प्लानिङ/प्लटिङ) को कुनै सम्भावना नरहेको स्व:घोषणा गर्ने निर्णय गरियो।

(घ) डम्पिङ्ग साईट व्यवस्थापन सम्वन्धमा।

यस गाउँपालिकाको मुख्य बजार क्षेत्र जयगढ बजारमा उपयुक्त डम्पिङ्ग साईटको अभावमा फोहरमैला थुप्रिएर दुर्गन्ध फैलिनुका साथै जनस्वास्थ्य र वातावरणमा गम्भीर असर परिरहेको विषयमा गम्भीर छलफल भयो। बजारको फोहरमैलालाई दीगो, वैज्ञानिक र वातावरणमैत्री तरिकाले व्यवस्थापन गर्न गाउँपालिकाका तर्फबाट स्थायी रुपमा फोहरमैला विसर्जन केन्द्र निर्माण गर्न अत्यावश्यक देखिएको छ। सो प्रयोजनका लागि हाल गाउँपालिकाको स्वामित्वमा उपयुक्त जग्गा उपलब्ध नभएको हुनाले इच्छुक जग्गाधनीहरू वा स्थानीय समुदायबाट नियमानुसार उपयुक्त जग्गा कम्तिमा १०(दश) वर्ष लिज (भाडा) मा लिन सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो।

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:

(ङ) सरस्वती मन्दिरको जग्गा एकिन गर्ने सम्बन्धमा।

यस गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्र जयगढ बजारमा रहेको ऐतिहासिक एवम् धार्मिक महत्त्वको सरस्वती मन्दिर क्षेत्रमा गाउँपालिकाको बहुवर्षीय योजना अन्तर्गत बजेट विनियोजन भई संरचना निर्माणको अन्तिम चरणमा रहेको तर, उक्त मन्दिर परिसरको वास्तविक सिमाना र जग्गाको क्षेत्रफल आधिकारिक रूपमा एकीन भइनसकेकाले आगामी दिनमा विकास निर्माणका कार्यहरू व्यवस्थित गर्न तथा सम्भावित विवाद समाधान गर्न उक्त सरस्वती मन्दिरको स्वामित्व र भोगचलनमा रहेको जग्गाको वास्तविक सिमाना तथा कित्ता क्षेत्रफल नापजाँच गरी एकिन गर्नका लागी नापी कार्यालय एवम् मालपोत कार्यालयलाई आधिकारिक रूपमा पत्राचार गर्ने निर्णय गरियो ।

(च) ब्याकुलोडर मर्मत गर्ने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको स्वामित्वमा रहेका २ (दुई) वटा ब्याकुलोडरहरू यान्त्रिक खराबीका कारण बिग्रिएर थन्किएका छन्। हाल वर्षायाम सकिन लागेको र लगत्तै गाउँपालिकाभित्रका अवरुद्ध तथा बिग्रे-भत्केका ग्रामीण सडकहरू खुलाउने, नाली सफा गर्ने, पहिरो पन्छाउने तथा आगामी चाडपर्वलाई समेत लक्षित गरी यातायात सञ्चालन सहज बनाउनुपर्ने अत्यावश्यक अवस्था रहेको छ। गाउँपालिकाकै सवारी साधनबाट सडक मर्मत गर्दा काम छिटो र मितव्ययी हुने भएकाले थन्किएका दुवै ब्याकुलोडरहरूलाई तत्काल प्राविधिक निरीक्षण गराई मर्मत सम्भार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(छ) गाउँ शिक्षा योजना अद्यावधिक गर्ने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ शिक्षा योजना अद्यावधिक गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

(क) श्री नेत्र बहादुर साउद (वडा अध्यक्ष) –संयोजक
(ख) श्री सुरेश प्रसाद जैसी (प्रमुख प्रशासकीय अधिकृत) –सदस्य
(ग) श्री परमान्द जोशी (शिक्षक) –सदस्य
(घ) श्री भीम प्रसाद जैसी (शिक्षक) –सदस्य
(ङ) श्री धिरेन्द्र बहादुर रावल (शिक्षक) –सदस्य
(च) श्री कृष्ण साउद (वि.व्य.स. अध्यक्ष) –सदस्य
(छ) श्री वसन्तराज जोशी (शिक्षा शाखा प्रमुख) –सदस्य –सचिव

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:

(ञ) ३ नं. वडा कार्यालयको जग्गा खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत ३ नं. वडा कार्यालय भवन निर्माणका लागी देहाय बमोजिमको जग्गा खरिद गर्न कानुन बमोजिम नेपाल सरकारको पूर्वस्वीकृतिको लागी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आवश्यक कागजातहरु सहित पत्राचार गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.स. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल(वर्ग मिटर) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बुद्धि लुहार | ६८ | १३४५ | कित्ताकाट गरि ३ रोपनी वडा कार्यालयको नाममा कायम गर्ने । |
| २ | श्री लाली लुहार | ५३ | १७१० | |

(झ) शोक प्रस्ताव पारित तथा राहत उपलब्ध गराउने सम्बन्धमा ।

यहि मिति २०८३/०५/१० गते तिब्बत क्षेत्रबाट भोटेकोशी नदिमा आएको भीषण बाढीका कारण रसुवा र नुवाकोटमा ठूलो मात्रामा धनजनको क्षति भएको, कैयौं नागरिकले ज्यान गुमाउनुका साथै धेरै जना बेपत्ता भएको दर्दनाक घटनाप्रति यो बैठक गहिरो दुःख व्यक्त गर्दछ। उक्त प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतकका शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ र बेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धारको कामना गर्दै कार्यपालिका बैठकमा एक मिनेट मौनधारण गरी शोक प्रस्ताव सर्वसम्मत रूपमा पारित गरियो।

साथै, उक्त प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकहरूको घाउमा मल्हम लगाउन र राहत पुऱ्याउनका लागि राहत स्वरूप रु. १,५१,१११।०० (अक्षरेपी एक लाख एकाउन्न हजार एक सय एघार मात्र) गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner